स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'नरसिंहा अवतार'मा अभिनेता राजेश हमालको अपोजिटमा नीति शाह कास्ट हुने भएकी छन् । निर्देशक दिवाकर भ राईले अभिनेत्री शाहलाई लिड फिमेल भूमिकामा अनुबन्धित गरिएको जानकारी दिए । नीतिले पनि अनलाइनखबरलाई यो फिल्ममा आफू कास्ट भएको जानकारी दिइन् । केही महिनाअघि नीतिलाई साइन गराइए पनि मेकरले यो खबरलाई गोप्य राखेका थिए ।

**आजको विचार...**



केशव खतिवडा

सिर्जनात्मक...
*(दुई पेजमा)*

(दुई पेजमा)



अभिनेत्री मिरुना मगर जापान प्रस्थान गर्ने भएकी छन् । आज राजधानी टोकियोमा प्रदर्शन हुन लागेको आफू अभिनित फिल्म 'घरज्वाइँ'को स्क्रिनिङमा उनको सहभागिता हुनेछ । नेपाल मगर संघ जापानको आयोजनामा यो फिल्म जापानव्यापी रिलिज हुन लागेको हो । अगस्ट ११ मा टोकियो, १४ मा नागोया र ओसाका शहरमा फिल्म स्क्रिनिङ हुने विज्ञप्तिमा उल्लेख छ । सिजुओका, फुकुओका, क्योटो, हिरोसिमा, ओकिनावा लगायतका शहरमा पनि फिल्म प्रदर्शन हुने जनाइएको छ ।

❑ वर्ष ३० ❑ अंक २७ ❑ २०८१ साउन २७ गते आइतबार 11 August 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## भ्रडपमा १२ कैदीबन्दीको मृत्यु

**रासस/एएफपी**

**ढाका,** २६ साउन/पूर्व प्रधानमन्त्री शेख हसिना अपदस्थ भएको केही दिनपछि बङ्गलादेशको दुई कारागारबाट कैदीहरु भाग्ने प्रयास गर्दा भएको भ्रडपमा कम्तिमा १२ जनाको मृत्यु भएको अधिकारीहरूले शनिबार बताएका छन् ।

देशको राजधानी ढाकाको उत्तरमा रहेको दुबै कारागारमा भएको यो घटना राष्ट्रव्यापी अशान्तिले निम्त्याएको एक श्रृंखला हो । आक्रोसित कैदीहरूले जेलका गार्डलाई आक्रमण गरेपछि जामपुर जेलमा भएको कैदी र प्रहरीको भ्रडपमा बिहीबार छ जना कैदीको मृत्यु भएको वार्डन अबु फताहले बताए । कैदीहरुले सुरक्षाका लागि खटिएका प्रहरीलाई फलामको रड र धारिलो हतियारले आक्रमण गरेका थिए । कारागारमा आगो लगाएर भाग्ने प्रयास गरेपछि भएको भ्रडपमा कैदीहरुको मृत्यु भएको फताहले बताएका छन् । 'कैदीहरुको अराजक गतिबिधिले हामी गोली चलाउन बाध्य भएका हौँ', उनीले भने । त्यसैगरी, उच्च सुरक्षासहितको काशमपुर जेलमा मङ्लबार कैदीहरु भाग्ने प्रयासका कारण भएको भ्रडपमा अन्य छ जना कैदीको मृत्यु भएको जेलका वार्डन लुत्फर रहमानले बताए । रहमानले कैदीहरूले गार्डमाथि आक्रमण गरी जेलको मुख्य गेट फुटाएर भाग्न खोजेपछि गोली चलाउन बाध्य भएको बताए । भ्रडपका क्रममा उक्त जेल बाट करिब दुई सय कैदीहरू भागेको उनीले उल्लेख गरे । हसिना सरकार विरूद्ध विरोध प्रदर्शन सुरु भएदेखि बङ्लादेशभरी कैदीबन्दीहरु जेलबाट भाग्ने प्रयासमा छन् । पूर्वप्रधानमन्त्री हसिनाले राजीनामा दिएको दिन सोमबार उत्तरी जिल्ला सेरपुरको जेलबाट ५ सय भन्दा बढी कैदीहरू भागेका थिए ।

# अभिभावक पढाउँदै बाल ज्योति

*घरमा विद्यार्थीलाई पढ्नका लागि अनुकुल वातावरण बनाउने, छोराछोरीको शिक्षाप्रति अभिभावकको चासो र विद्यालयमा उपस्थिति बढाउने, अभिभावक र शिक्षक, शिक्षिका तथा सरोकारवालाहरुको दुरी घटाउन विद्यालयले अभिभावकलाई बेला बेलामा पढाउँदै आएको छ ।*

**रामचन्द्र रायमाभ्री**

**पाल्पा,** साउन २६/केही अपवादबाहेक, अभिभावकहरुले आफ्नो बालबच्चालाई समय दिदैनन् । ग्रामीण र अशिक्षित समाजमा भन्दा सहरी र शिक्षित समाजमा यो समस्या बढ्दो छ ।

अचेल विद्यार्थीलाई सानै उमेरदेखि विद्यालयमै राखेर पढाउने चलन छ । व्यस्त दैनिकी र बालबच्चाहरूले दिने झन्झटबाट मुक्तिका लागि यो एक हिसाबले राम्रो पनि होला तर व्यावहारिक कोणबाट नियाल्दा त्यति उपयुक्त देखिँदैन् । बालबकालिकाको पहिलो पाठशाला घर हो । घरमा दिइने शिक्षा, दिक्षा र संस्कारले नै त्यो बच्चा असल र अनुशासित बन्दछ । त्यसका लागि अभिभावक शिक्षित, दीक्षित र प्रशिक्षित हुन आवश्यक छ । सो कुरालाई मध्यनजर गर्दै जिल्लाको तानसेन नगरपालिका-७ काजीपौवास्थित बाल ज्योति प्राथमिक विद्यालयले अभिभावकलाई 'अभिभावक शिक्षा' प्रदान गर्दै आएको छ ।



घरमा विद्यार्थीलाई पढ्नका लागि अनुकुल वातावरण बनाउने, छोराछोरीको शिक्षाप्रति अभिभावकको चासो र विद्यालयमा उपस्थिति बढाउने, अभिभावक र शिक्षक शिक्षिका तथा सरोकारवालाहरुको दुरी घटाउन विद्यालयले अभिभावकलाई बेला बेलामा पढाउँदै आएको पाइन्छ । विगतमा जस्तै विद्यालयले यस पटक पनि बालबालिकाका अभिभावकलाई विद्यालयमा बोलाएर सूचना र प्रविधिको बढ्दो प्रयोग, शिक्षा क्षेत्रमा भइरहेका परिवर्तन, समयको मागअनुसार बालबालिकाप्रति गर्नुपर्ने व्यवहार, बालबालिका र विद्यालयप्रति अभिभावकको दायित्व लगायतका विषयमा पढाएको छ । शैक्षिक गुणस्तर बढाउन र विद्यार्थीलाई अनुकुल वातावरण निर्माण गर्दै उनीहरूको सिकाइमा थप सहजीकरण गर्ने उद्देश्यले विद्यालयले 'अभिभावक शिक्षा' प्रदान गरेको जनाएको छ ।

तानसेन नगरपालिकाकी शिक्षा शाखा प्रमुख कोपिला न्यौपानेले 'अभिभावक शिक्षा' का बारेमा अभिभावकलाई पढाएकी हुन् । उनले बालबालिकाहरुको पहिलो पाठशाला घरपरिवार भएकाले आमाबाबुले उनीहरूलाई शारीरिक, संज्ञानात्मक, सामाजिक र भावनात्मक पक्षमा ध्यान दिनुपर्ने उल्लेख गरिन् । शिक्षा प्रमुख न्यौपानेले आफ्नो हेरचाहमा हुर्काउनुपर्ने, घरको आर्थिक अवस्थाका बारेमा बच्चालाई जानकारी दिनुपर्ने, घरमा सन्तुलित भोजन गराउनुपर्ने, बालबालिकाहरुको मनोभावना बुझेर काम गर्नुपर्ने जस्ता कुराहरु अभिभावकलाई सिकाएकी हुन् ।

प्रभावकारी अभिभावकत्वले बच्चाको व्यवहार, अनुशासन र समग्र मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने भएकाले त्यसतर्फ ध्यान दिन पनि उनले अभिभावकलाई आग्रह गरिन् । कार्यक्रमका प्रमुख अतिथि तानसेन-७ का वडा अध्यक्ष प्रदीप खनालले अभिभावक शिक्षाले बालबालिकाहरूलाई थप अनुशासित, पढाइमा अब्बल बन्न महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । अभिभावक शिक्षा अहिलेको आवश्यकता रहेको औंल्याउँदै वडा अध्यक्ष खनालले अभिभावकहरू शिक्षित, दिक्षित वा प्रशिक्षित भएमा छोराछोरीहरूलाई उचित शिक्षा दिक्षा दिन र असल व्यबहार सिकाउन सक्ने बताए । अभिभावकहरूको राम्रो हेरचाह पाएका बालवालिकाहरूले खराब संगत र अपराधजन्य क्रियाकलापहरूबाट टाढा रहन सक्ने भएकाले बालबालिकाहरूको शिक्षा, दिक्षा तथा उचित दिशानिर्देश गर्नको लागि अभिभावकहरू सक्षम हुन आवश्यक रहेको उनले औंल्याए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गम्भीरजंग रायमाझीले स्वस्थ सम्बन्ध, बाल सुरक्षा, भावनात्मक व्यवहार, बाबुआमा वा संरक्षकबाट हुने 'रोल मोडलिङ' लगायतका विषयमा अभिभावकहरूलाई जानकारी गराएर बालबालिकाहरूको सिकाइमा थप सहजीकरण गर्न अभिभावक शिक्षा प्रदान गरिएको बताए । अभिभावकले जस्तो व्यवहार गर्छन् त्यसैको सिको बालबालिकाले गर्ने भएकाले पनि अभिभावक शिक्षाको आवश्यकता बढेको उनको भनाइ छ । 'बालबालिकाहरूले दिउँसोको समयमा त विद्यालयमा अध्ययन गरिरहेका हुन्छन् । तर बिहान, बेलुका वा विद्यालय बाहेकको समयका शिक्षक भनेका अभिभावक नै हुन्', रायमाझीले भने, 'हामी आफैँ धेरै समय सामाजिक सञ्जालमा समय बिताउँछौँ । अनि बच्चाले त्यही सिकेर सामाजिक सञ्जाल चलाउँछन् । तर हामी उनीहरूलाई नचलाऊ भन्दै आफै चलाउँछौँ । यस्ता धेरै विषय छन्, जुन अभिभावकबाट सुधार हुन आवश्यक छ ।' अभिभावक र शिक्षकहरुकै कारण आफुहरुले बालज्योतिदेखि बूढानिलकण्ठसम्म विद्यार्थीहरु पुऱ्याउन सफल भएको उनले बताए । कार्यक्रममा सहभागी अभिभावकहरुले आफुहरुले छोराछोरीहरुहको शिक्षाका लागि धेरै कुराहरु सिक्ने अवसर पाएकोमा उत्साहित भएका थिए । उनीहरुले कार्यक्रममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्ने समेत बताए । विद्यालय अभिभावक संघकी अध्यक्ष दीपा थापाको अध्यक्षता, प्रअ विष्णुबहादुर थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## गोरुले किच्दा एक महिलाको मृत्यु



**बुटवल,** साउन २६/गोरुले किच्दा गुल्मीकी एक महिलाको बुटवलमा मृत्यु भएको छ । बुटवलस्थित सडकमा जुँधिरहेका गोरुको बीचमा परेर घाइते भएकी गुल्मीको रेसुंगा नगरपालिका-४ अर्खले घर भई हाल बुटवल-३ गोलपार्क बस्ने ४५ वर्षीया सीता पाण्डेको मृत्यु भएको हो ।

गत साउन २० गते सडकमा जुँधिरहेका २ वटा गोरुले पैदल हिडिरहेकी पाण्डेलाई कुल्चिएका थिए । गोरुले किच्दा गम्भीर घाइते भएकी उनलाई उपचारका लागि बुटवलको लुम्बिनी प्रादेशिक अस्पताल पुऱ्याइएको थियो । उपचारकै क्रममा पाण्डेको साउन २४ गते मृत्यु भएको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ । चिया पसल गर्दै आएकी उनी डेरीमा दुध लिन गएका बेला सडकमा लडिरहेका गोरुले कुल्चिँएका थिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## स्याङ्जामा नागरिकताभन्दा राहदानी लिने बढे

**वालिङ (स्याङ्जा),** साउन २६/स्याङ्जामा नागरिकता लिनेभन्दा राहदानी बनाउनेको संख्या बढी रहेको पाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट नागरिकता बनाउनेभन्दा राहदानी लिनेको संख्या पाँच हजारभन्दा बढी रहेको छ ।



सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी दीपक पौडेलका अनुसार आव २०८०/८१ मा स्याङ्जाबाट नौ हजार चार सय ८७ जनाले नागरिकता लिएका थिए । सोही अवधिमा चौध हजार आठ सय २२ जनाले राहदानी लिएका छन् । जिल्ला प्रशासन कार्यालय स्याङ्जा र इलाका प्रशासन कार्यालय वालिङबाट कूल १५ हजार एक सय ९३ राहदानी सिफारिस गरिएको थियो । सिफारिस गरिएका राहदानी बनेर आए पनि व्यक्ति लिन नआउँदा सिफारिसभन्दा वितरण थोरै देखिएको हो । गत आवमा राहदानी बनाएकामध्ये तीन सय ७१ राहदानी वितरण गर्न बाँकी नै रहेको उनले बताए । सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालय र वालिङस्थित इलाका प्रशासन कार्यालयबाट नागरिकता तथा राहदानी वितरण हुँदै आएको छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट आव २०८०/८१ मा प्रतिलिपिबाहेक वंशजका आधारमा र गैरआवासीय नागरिकता चार हजार नौं सय चार वितरण गरिएको सूचना अधिकारी पौडेलले बताए ।

सोही अवधिमा इलाका प्रशासन कार्यालय वालिङबाट चार हजार पाँच सय ८३ नागरिकता वितरण भएका थिए । दुवै कार्यालयबाट गत आवमा कूल नौ हजार चार सय ८७ नागरिकता वितरण भएका थिए । स्याङ्जाबाट वैवाहिक अङ्गीकृत नागरिकता २४ वितरण भएका सूचना अधिकारी पौडेलले बताए । स्याङ्जाबाट १९ र वालिङबाट पाँच वैवाहिक अङ्गीकृत नागरिकता वितरण भएका थिए । कूल चौध हजार आठ सय २२ राहदानीमध्ये स्याङ्जाबाट सात हजार चार सय ४३ र वालिङबाट सात हजार तीन सय ७९ वितरण भएका थिए । 'जिप्रका तथा इप्रकाबाट नागरिकताभन्दा राहदानी लिने सेवाग्राही बढी छन्', उनले भने,'अध्ययन, रोजगारीका लागि तथा घुम्न जाने, तत्काल आवश्यक नपरे पनि बनाएर राख्ने तथा चाहिँदा तत्काल प्रयोग गर्न पाइने भएकाले पनि राहदानी बनाउनेको सङ्ख्या धेरै देखिएको हो ।' *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# बंगलादेशको घटनाबाट पाठ सिकौं

बंगलादेशमा भएको घटनाले यति बेला विश्वको ध्यान खिचेको छ । लगातार १५ वर्ष बंगलादेशको प्रधानमन्त्री रहेकी शेख हसिनाले गत सोमबार सत्तासँगै देश छाड्नुपरेको घटना यति बेला सर्वत्र चासो र चिन्ताको विषय बनेको छ । लोकतन्त्रकी सेनानीको रुपमा छवि बनाएको व्यक्तिले एकाएक सत्ता र देश छोड्नुले पनि स्वभाविक रुपमा चासो हुनुलाई अन्यथा लिनु हुँदैन ।

सरकारी जागिरमा कायम आरक्षणको विषयमा असन्तुष्टि जनाउँदै विद्यार्थीले आन्दोलन गरेका थिए । त्यो आन्दोलनको वेवास्तका कारण नै हसिनाले सत्ता र देश छोड्नु परेको कुरा नकार्न सकिदैन । हुन त विद्यार्थी आन्दोलन एक अंश मात्र हो त्यो भन्दा पनि उनको निरंकुशताको असन्तुष्टिका अनेकौं छिद्रा घटनाको कारण हो । आफूलाई प्राप्त विश्वासको सम्मान गर्न नसक्दा हसिनाले दुखद् घटना व्यहोर्नु परेको कुरा कसैले नकार्न सक्दैन । १५ वर्षदेखि एकछत्र राज गरेकी हसिनाले विद्यार्थी आन्दोलनलाई सम्बोधन गर्नुको साटो दमन गर्दा देश छाड्ने परिस्थिति सिर्जना भएको हो । विशेषत: हसिनाको निरंकुश र तानाशाही शासन र देशमा बढ्दो भ्रष्टाचार, बेरोजगारी र महँगीको परिणाम नै बंगलादेशको घटनालाई हेरिएको छ । जनमतको कदर नगर्दा शासनको पूर्णकार्यकाल बिताउन पाउनु त परै देशमै बस्न सक्ने अवस्था रहेन । लोकतन्त्र भनेको जनमतको कदर हो, मतादेशको आडमा जनमतको अपमान र दमन होइन भन्ने सन्देश बंगलादेशमा जारी जनविद्रोहले दिएको छ । विकास निर्माण र आर्थिक वृद्धिले मात्र नागरिक सन्तुष्ट नहुन सक्छन् । भ्रष्टाचार मौलाउने, मानिसले बोल्न लेख्न नपाउने जस्ता मूल्य, मान्यता कुल्चियो भने पार पाउने अवस्था नहुँदो रहेछ भन्ने पाठ अन्य देश र शासकहरुले पनि सिक्नुपर्छ । अर्को विषाय भनेको एउटै व्यक्ति लामो समयसम्म सत्तामा रहनु उपयुक्त हुँदैन भन्ने बुझ्नुपर्छ । किनकी त्यसले तानाशाही प्रवृत्ति मौलाउने, दम्भ मौलाउने र सुशासनलाई ध्यान नदिने खालको प्रवृति देखा पर्छन् । निर्वाचित भएर शासनमा पुगे पनि जनताको आकांक्षा र असन्तुष्टिलाई बेवास्ता गर्ने, आफू र आफ्ना आसेपासेलाई अकुत र अवैध आम्दानीका निम्ति सहजीकरण गरिदिने, भ्रष्टाचार र कुशासन बढाउने गतिविधि गर्ने जो सुकै भए पनि एक दिन जनताबाटै लखेटिने छन् । तसर्थ बंगलादेशमा भएको घटनाक्रमबाट नेपाल र नेपालका राजनीतिक दल र नेतृत्व गर्नेहरुले समेत पाठ सिक्न जरुरी छ ।

## Opinion @ Social Network

कदर गरेनौ भने भगवानले खोसिदिन्छन,
समय पनि अनि मान्छे पनि ।
*(अभिनाष क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/xtri.avinash)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सिर्जनात्मक विघटन र आर्थिक रूपान्तरण



**केशव खतिवडा**

*पुस्तकमा सम्पेटरले क्यापिटालिजम्का बारेमा विश्लेषण गर्दै पुँजीवादलाई नवप्रवर्द्धन र आर्थिक वृद्धिको प्रमुख शक्ति मानेका छन् । नयाँ प्रविधि र उद्यमशीलताले पुँजीवादी अर्थ-व्यवस्थालाई परिवर्तन, विकास र जीवन्तता प्रदान गरेको ठान्छन् ।*

सिर्जनात्मक विघटनको सिद्धान्तको प्रतिपादन २०औँ शताब्दीका प्रख्यात अस्ट्रियन मूलका अमेरिकी अर्थशास्त्री जोसेफ सम्पेटरले सन् १९४२ मा प्रकाशित आफ्नो पुस्तक 'क्यापिटालिजम्, सोसियलिजम् एन्ड डेमोक्रेसी'द्वारा गरेका हुन् ।

पुस्तकमा सम्पेटरले क्यापिटालिजम्का बारेमा विश्लेषण गर्दै पुँजीवादलाई नवप्रवर्द्धन र आर्थिक वृद्धिको प्रमुख शक्ति मानेका छन् । नयाँ प्रविधि र उद्यमशीलताले पुँजीवादी अर्थ-व्यवस्थालाई परिवर्तन, विकास र जीवन्तता प्रदान गरेको ठान्छन् । सोसियलिजम्का बारेमा व्याख्या गर्दै उनले उनले भनेका छन्- आर्थिक प्रणालीका साथै सामाजिक र राजनीतिक प्रणालीको परिवर्तनको परिणाम नै समाजवादी अर्थ-व्यवस्था हो । जसको जन्म पुँजीवादको अन्त्यपछि हुनेछ । त्यसैगरी प्रजातन्त्रलाई उनले नेताहरूको राजनीतिक प्रतिस्पर्धा गर्ने प्रणालीका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार, प्रजातान्त्रिक प्रणालीमार्फत जनताले आफ्ना प्रतिनिधि छान्ने अवसर पाउँछन् । जसले समाजको नेतृत्व र निर्णयलाई निरन्तर परिवर्तन गर्न सहयोग पुर्‍याउँछ । सारांशमा प्रविधिमा नयाँपनको सिर्जना र पुरानोको अवसान हुन्छ भन्ने आर्थिक रूपान्तरणको सिद्धान्त नै सिर्जनात्मक विघटन हो । यो सिद्धान्तले आर्थिक विकास निरन्तर प्रविधिजन्य परिवर्तनको प्रक्रियाबाट हुन्छ भन्ने मान्यता राख्छ । पुराना उद्योग, प्रविधि, संरचना, बजार तथा आर्थिक सम्बन्ध नष्ट हुन्छन् वा नयाँ उद्योग, प्रविधि, संरचना तथा आर्थिक सम्बन्धले तिनीहरूलाई प्रतिस्थापन गर्छन् भन्ने सम्पेटरको सिद्धान्तले व्यवसायीलाई बढी महत्त्व दिएको छ । यसले खासगरी तीनवटा पक्षलाई विशेष जोड दिएको पाइन्छ ।

१) नवप्रवर्द्धन : सिर्जनात्मक विघटनको सिद्धान्त मूलत: आर्थिक विकाससँग सम्बन्धित भएकाले नयाँ प्रविधिमा आधारित उत्पादन, व्यापारका मोडल, वितरण प्रणाली र बजार संरचनाको भूमिका हुनुपर्छ ।

२) विघटन : पुराना प्रविधि, संरचना, उत्पादन, वितरण र बजारहरूको विघटन हुनुपर्छ ।

३) पुनर्निर्माण : पुराना उत्पादन प्रणाली, प्रविधि संरचना तथा आर्थिक सम्बन्धहरूको पुनर्संरचना वा पुनर्निर्माण हुनुपर्छ । आर्थिक विकास भनेको नवप्रवर्द्धन, विघटन र पुनर्निर्माणको संयोजनको प्रक्रिया हो । जसअन्तर्गत नष्ट गर्नु पर्नेलाई नष्ट गर्ने, संरक्षण गर्नुपर्नेलाई संरक्षण गर्ने र सिर्जना गर्नुपर्नेलाई सिर्जना गर्नेजस्ता कार्य गरिन्छ ।

सिर्जनात्मक विघटनको यो प्रक्रियाले आर्थिक विकास र सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । २०औँ शताब्दीमा प्रतिपादित यो सिद्धान्त २१औँ शताब्दीमा झनै पुष्टिहुँदै गएको छ । सूचना र प्रविधि, नविकरणीय ऊर्जा, हरित वा डिजिटल अर्थतन्त्र, परम्परागत उद्योग र व्यापारजस्ता जुनसुकै क्षेत्रमा सिर्जनात्मक विघटनको प्रयोग टड्कारो रूपमा भएको पुष्टि हूँदै गएको छ ।

**यो सिद्धान्तले देहायका क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पारेको पाइन्छ:**

१) अर्थतन्त्रमा नवीन परिवर्तन : सिर्जनात्मक विघटनले पुराना, परम्परागत तथा भद्दा उद्योगहरूलाई प्रतिस्थापन गर्दै नयाँ, आधुनिक, प्रतिस्पर्धी र कुशल उद्योगहरूको स्थापना गरेको छ । यसले उपभोक्ताहरूमा विकल्पको छनोट बढाएको छ । अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि भएको छ । कुल उत्पादन बढाएको छ । मुलुकको दीर्घकालीन आर्थिक वृद्धिलाई प्रोत्साहित गरेको छ ।

२) नवीन प्रविधिको विकास : सिर्जनात्मक विघटनले नवीन प्रविधिमा गुणात्मक फड्को मारेको छ । सूचना र प्रविधिका क्षेत्रमा आज दुनियाँ एआईको युगमा छ । स्वचालनको विकास होइन, नियन्त्रण गर्दै जानुपर्ने अवस्था सिर्जनाहुँदै गएको छ । ऊर्जाको क्षेत्र वायु र सौर्य ऊर्जाको विकासतर्फ उन्मुख छ । व्यापारका क्षेत्रमा ई-कमर्सको विकास भएको छ । सरकारी क्षेत्रमा ई-गभर्नेन्स । अर्थतन्त्रको क्षेत्रमा डिजिटल इकोनोमी विकासहुँदै गएको छ । यसरी नवप्रवर्द्धनले आर्थिक रूपान्तरणका साथै समाज रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।

३) रोजगारीमा वृद्धि : सिर्जनात्मक विघटनले सूचना प्रविधि, वाणिज्य, व्यापार, औद्योगिकीकरण लगायत सम्पूर्ण क्षेत्रमा आमूल परिवर्तन ल्याउने हुँदा पर्याप्त र दक्ष जनशक्तिको रोजगारीको सिर्जना हुन्छ । जसले मुलुकको बेरोजगारी समस्यालाई क्रमश: हल गर्दै लैजान्छ ।

४) संरचनागत परिवर्तन : सिर्जनात्मक विघटनले सिंगो आर्थिक क्षेत्रको रूपान्तरण र पुनर्गठन गर्ने भएकोहुँदा पुराना उद्योग-धन्दा र उत्पादन प्रक्रियाको स्वत: विघटन हुन पुग्छ । त्यसको स्थानमा नयाँ र आधुनिक उद्योगको विकास हुन्छ । जसले सन्तुलित समाजको विकास गर्न र आर्थिक अवसरको पुनर्वितरण गर्न महत्त्वपूर्ण योगदान गर्छ ।

**आर्थिक रूपान्तरण**

कुनै पनि देशको आर्थिक प्रणालीमा हुने गुणात्मक परिवर्तन नै आर्थिक रूपान्तरण हो, जसले मुलुकको आर्थिक नीतिहरू, संरचना र विकासमा ठुलो परिवर्तन ल्याउँछ । दीर्घकालीन आर्थिक विकासको ठोस मार्गचित्र प्रदान गर्छ । परिणामस्वरूप कृत्रिम बौद्धिकतामा आधारित औद्योगिकीकरण हुने, रोजगारीको थप अवसर सिर्जना हुने, राजस्वमा वृद्धि हुने, जीवनस्तरमा सुधार हुने तथा मुलुकको आर्थिक कूटनीति र व्यापारमा सफलता हासिल गर्दै मुलुकले आर्थिक स्थायित्व र समृद्धि हासिल गर्छ ।

**आर्थिक रूपान्तरण हासिल गर्ने केही उपाय**

१) नीतिगत सुधार : आर्थिक रूपान्तरणका लागि सर्वप्रथम नीतिगत सुधार गर्नुपर्छ । व्यापार, वाणिज्य, उद्योग-धन्दा तथा करनीतिमा समसामयिक सुधार गर्नुपर्छ । त्यसको दीर्घकालीन मार्गदर्शन मुलुकको वित्तीय र मौद्रिक नीतिले गर्नुपर्छ । एकद्वार औद्योगिक नीति व्यवहारमा अवलम्बन गर्ने, झन्झटिलो र घुमाउरो प्रणालीको अन्त्य गर्ने, विदेशी लगानीमैत्री नीतिहरूको अवलम्बन गर्ने, कर प्रणालीमा नीतिगत सुधार गरी सरल र पारदर्शी बनाउनुका साथै करका दर बढाउनुको सट्टा करको दायरालाई बढाउने, आयात निर्यात प्रणालीलाई सरल बनाउनेजस्ता क्षेत्रमा नीतिगत सुधार गर्नुपर्छ ।

२) संरचनागत सुधार : चुस्त संरचनाले एकातर्फ छिटो प्रतिफल दिन्छ भने अर्कातर्फ लागत घटाउँछ । तसर्थ कार्यात्मक ढंगले संरचनागत सुधार गर्नुपर्छ । कृषि, उद्योग, सेवाजस्ता क्षेत्रहरूको थप व्यावसायीकरण गर्दै लैजानुपर्छ । जसले रोजगारी र राजस्वमा वृद्धि ल्याउनुका साथै आर्थिक विविधीकरण ल्याउँछ । जसका लागि यातायात, ऊर्जा, जलस्रोत संरचनाजस्ता क्षेत्रहरूको भौतिक पूर्वाधारमा विकास गर्नुपर्छ ।

३) मानव संसाधनको विकास : व्यवस्थापनको प्रमुख सिद्धान्त नै 'म्यान फर्स्ट' भएकोहुँदा व्यवस्थापक तथा कामदारलाई गुणस्तरीय तालिम र शिक्षा प्रदान गरी दक्ष जनशक्ति विकास गर्ने स्वास्थ्य, सुरक्षा, आवासजस्ता थप उत्प्रेरणात्मक सुविधा उपलब्ध गराउँदै स्वशासित र स्वउत्प्रेरित जनशक्तिको विकास गर्नुपर्छ ।

४) वित्तीय सुधार : बैंकिङ प्रणालीको समसामयिक सुधार गर्दै ऋण लिने वा दिने र ब्याज दरलाई सरल र पारदर्शी बनाइनुपर्छ । वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गरिनुपर्छ ।

५) नवप्रवर्द्धनको विकास र हस्तान्तरण: आजको प्रतिस्पर्धा प्रविधिबिचको प्रतिस्पर्धा पनि हो । उन्नत प्रविधिको विकासले उत्पादनशीलता र प्रतिस्पर्धामा वृद्धि गर्छ । यसका लागि अनुसन्धान र अन्वेषणमा लगानी वृद्धि गर्नुका साथै प्रविधि हस्तान्तरण प्रक्रियालाई जोड दिनुपर्छ ।

६) सामाजिक सुधार : यसअन्तर्गत मूलत: सामाजिक सुरक्षा कार्यक्रम र समावेशीजस्ता कार्यक्रम पर्छन् । समाजका विपन्न, अशक्त, असहाय, वृद्ध, अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ । जसले समाजमा स्थिरता र सद्भाव कायम गर्छ । दलित, महिला, विपन्न तथा पिछडिएका वर्गलाई आर्थिक क्रियाकलापको मूल प्रवाहमा सहभागी गराउनुपर्छ । यस्ता कार्यक्रमले समतामूलक समाजको निर्माण गर्न मद्दत गर्छ ।

७) पर्यावरणीय सुरक्षा : आर्थिक विकासलाई पर्यावरणीयमैत्री बनाउनुपर्छ । पर्यावरण कहालीलाग्दो अन्तर्राष्ट्रिय समस्या बन्दै गएको छ । यसका लागि नवीकरणीय ऊर्जाको विकासमा जोड दिने र पर्यावरण संरक्षणलाई हरेक क्रियाकलापमा क्रस कटिङ इस्युको रूपमा समावेश गर्नुपर्छ ।

८) सुशासन : सुशासन भन्नाले मूलत: सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व सुनिश्चितता र भ्रष्टाचार न्यूनीकरण गर्नुलाई जनाउँछ । यसका लागि सरकारले शून्य सहनशीलता अपनाउनुपर्छ ।

यसरी सिर्जनात्मक विघटनको सिद्धान्तले आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नयाँ प्रविधि र आविष्कारले पुराना प्रविधि र यन्त्र उपकरणलाई विस्थापित गर्दै लैजान्छ । उद्यमशीलतालाई प्रोत्साहित गरी पुराना उद्योग र व्यवसायका ठाउँमा नयाँ उद्योग र व्यवसायले लिन्छ । प्रतिस्पर्धामा वृद्धि हुनुको साथै बृहत् उत्पादनका कारणले उपभोक्तालाई छनोटको अवसर प्राप्त हुनुका साथै सस्तो र गुणस्तरीय वस्तु उपलब्ध हुन्छ । नवप्रवर्द्धनले उद्योग र सेवाको क्षेत्रमा परिवर्तन ल्याउने भएकाले रोजगारी र राजस्वमा वृद्धि हुन गई समग्र अर्थतन्त्रको उत्पादकत्व बढाउँछ । सम्पेटरले यो दृष्टिकोणबाट पुँजीवाद र समाजवादको समेत विवेचना गरेका छन् । उनका अनुसार पुँजीवादमा लचकदार र सिर्जनशील गुण भएका कारण रूपान्तरण हुन्छ र दीर्घजीवन हासिल गर्छ । जतिपटक धक्का खाएको छ, त्यसपछि यही गुणका कारणले झनै हराभराहुँदै आएको छ, तर समाजवादमा यस्तो गुण नभएका कारण धक्का खाना साथ समाप्त वा विघटन भएको छ ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दैनिक कार्यमा प्रगति हुनेछ । साथीभाइसँग समय बित्नेछ । | **तुला** : कला र गलाको प्रभाव बढ्नेछ। प्रेमीको सहयोग प्राप्त हुनेछ । |
| **वृष** : रमणीय र सुखद् यात्राको योग छन्। आत्मबल र हिम्मत पनि बढ्नेछ । | **वृश्चिक** : रोजगारको अवसर मिल्नेछ। प्रयत्न गरे फाइदा लिन सकिनेछ । |
| **मिथुन** : जोशजाँगर र उमंग बढ्ला । चिताएको कामले तीव्रता लिनेछ । | **धनु** : मनमा हर्ष र उत्साह छाउला । दाम्पत्य सुखमा रमाउने समय छ । |
| **कर्कट** : वैदेशिक कार्य अघि बढ्नेछ । आर्थिक कारोबारमा सफलता पाइएला । | **मकर** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । बौद्धिकताको विकास हुनेछ । |
| **सिंह** : मन परेको मानिससँग ढाडिनु पर्दा मनमा छटपटी र अशान्ति छाउनेछ । | **कुम्भ** :राजनैतिक कार्यमा बाधा आउला। लेनदेनमा दुबिधा उत्पन्न हुनेछ । |
| **कन्या** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । पारिवारिक सहयोग मिल्ला । | **मीन** : वैदेशिक कार्य अघि बढ्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । |

# कृषि

## कृषिमन्त्रीद्वारा कृषि औजार कारखानाको अवलोकन



कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानाको विकास र प्रवर्द्धनका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

वीरगञ्जस्थित कृषि औजार कारखानामा राष्ट्रिय आविष्कार केन्द्रले गरेका कामहरुको अनुगमन एवं अध्ययनका लागि पुगेका उनले यस्तो प्रतिवद्धता जनाएका हुन्। उनले राष्ट्रिय आविष्कार केन्द्रका विषयमा धेरै सन्दर्भ उठेको भन्दै नयाँ के काम गरिरहेको छ भन्ने अध्ययनका लागि आफूले अवलोकन गरेको बताए । अवलोकनका क्रममा कृषि औजार कारखानाभित्र राष्ट्रिय आविष्कार केन्द्रले उत्पादन गरेका १५/१८ वटा कृषिसँग सम्बन्धित मेसिनरी सामान बनाउन शुरु गरेको पाएको बताए । उनले कृषि औजारको उत्पादन वृद्धिका लागि मन्त्रालयले छलफल गरेर आवश्यक निर्णय लिने बताए ।

उनले भने, 'राष्ट्रिय आविष्कार केन्द्रका विषयमा धेरै सन्दर्भहरु उठिरहेका थिए, यो आविष्कार केन्द्रले नयाँ के गरेको छ, त्यो अध्ययन गर्न आएका हौँ । हामीले कृषि औजार कारखानाभित्र राष्ट्रिय आविष्कार केन्द्रले उत्पादन गरेका १५/१८ वटा कृषिसँग सम्बन्धित मेसिनरी सामानको अवलोकन गरेका छौँ । यहाँको अवस्था अध्ययन गरेका छौँ, मन्त्रालयमा छलफल गरेर अघि बढ्छौँ । मुलुक सञ्चालन गर्ने ठाउँमा हामी छौँ । मन्त्रालयको तवरबाट गर्नुपर्ने काममा व्यापक छलफल गरेर अघि बढ्नेछौँ ।' राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले अहिले आविष्कार केन्द्रले झन्डै २० किसिमका नमूना कृषि औजारहरु बनाउन परीक्षण गरेको बताए । उनले उत्पादन शुरु गर्न आफूहरु तयार रहे पनि विद्युत प्राधिकरणले ५ सय केबीको लाइनको ट्रान्सफरर्मर राख्न ढिला गर्दा उत्पादन गर्न नसकेको बताए । सोही अवसरमा मन्त्री अधिकारीले सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्ज र वीरगञ्ज भन्सार कार्यालयको अवलोकन गरेका थिए ।

*-रातोपाटी डटकम*

## मूल्य वृद्धि भए पनि अलैँचीका बोट मासिँदै



पछिल्लो समय अलैँचीको मूल्य वृद्धि भए पनि बोट मासिँदै जान थालेका छन् । अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्नेमा समयमा वर्षा नहुँदा बोट मासिँदै जान थालेका हुन् ।

गत वर्ष प्रतिमन ९४० किलो ८० हजारमा बिक्री भएको अलैँची यस वर्षको सुरुमा ८५ हजार प्रतिमन खरिदबिक्री भइरहेको छ । यस वर्ष अलैँचीको मूल्य बढे पनि उत्पादन घटेको किसान बताउँछन् । समयमा पानी नपरेकाले अलैँचीका बिरुवा मासिनाका साथै उत्पादनमा कमी आएको किसान हरि पोखेलले बताए । 'अलैँचीलाई फागुन-चैतमा पानी आवश्यक पर्छ । त्यो समयमा पानी नपरेकाले बोट मासिएका छन् । पानी नपरेपछि पुराना उत्पादन दिने कतिपय स्थानका बोटसमेत मरेका छन्', उनले भने । यसअघि प्रशस्त उत्पादन दिएका बोट यस वर्ष सुक्खाका कारण मरेका उनले बताए ।

मूल्य बढी भएकै कारण अलैँचीलाई खोल्सीको कालो सुन भन्ने गरिन्छ । अलैँची टिप्ने 'सिजन' सुरु हुनै लाग्दा मूल्य राम्रो हुँदा किसान खुसी भए पनि उत्पादन घट्ने चिन्ता लागेको किसानको भनाइ छ । समयमा पानी नपरेको, जुर्जुरे, स्याङ्लेलगायत रोगको सङ्क्रमणले बोट मासिँदै गएका अलैँची व्यवसायी महासैले जनाएको छ । सुक्खायाम भएकाले अलैँचीका बोट सुक्दै गएर अहिले मासिन थालेका किसान बताउँछन् । मूल्य बढेपछि अहिले जिल्लाका विभिन्न स्थानमा नयाँ बिरुवा लगाउने काम भइरहेको महासैले जनाएको छ । अलैँची विकास केन्द्र फिक्कलले बिरुवा उत्पादन गरी प्रतिबिरुवा पाँचका दरले बिक्री भइरहेको जनाएको छ । किसानले उत्पादन गरेका बिरुवा प्रतिगोटा १० मा बिक्री हुँदै आएको छ । किसान पोखेलका अनुसार अलैँची लगाएको तीन वर्षदेखि उत्पादन सुरु हुन्छ । जिल्लामा रामसाई, गोल्साई, चिबे, सलकपुर, भार्लाङलगायत स्थानमा अलैँचीखेती हुन्छ । सलकपुर जातको अलैँची चाँडो र बढी उत्पादन हुने भएकाले धेरैको रोजाइमा पर्ने गरेको उनले बताए । 'अन्य जातका बिरुवा बढी समयसम्म टिक्ने हुन्छन् । सलकपुरको टिकाउ भने कम हुन्छ', उनले भने ।

वर्षामा सलकपुरको बिरुवा लगाइन्छ । अलैँचीको दलबाट र झाङ फुटाएर बिरुवा उत्पादन गरिन्छ । झाङ फुटाएर लगाइएको बिरुवाले दुई वर्षदेखि उत्पादन दिन्छ भने दलबाट लगाएको बिरुवाले चार वर्षदेखि उत्पादन दिन थाल्छ । नेपालको पूर्वी पहाडी क्षेत्र अलैँची उत्पादन गर्न उपयुक्त मानिन्छ । इलामसहित सङ्खुवासभा, पाँचथर, धनकुटा र भोजपुर अलैँची उत्पादनका लागि उर्भर भूमि मानिन्छ । अलैँची ४३ जिल्लाका १८ हजार पाँच सय हेक्टरमा खेती गरिएकामा यसको क्षेत्र विस्तार गरेर ५३ जिल्लामा पुर्याइएको अलैँची व्यवसायी महासैले जनाएको छ ।

नेपालका लागि अलैँचीको मुख्य बजार भारत हो । यसको खपत भारत, पाकिस्तान, बङ्गलादेशका साथै युरोपियन देशहरुमा हुने गरेको महासैको भनाइ छ । हाल ८५ हजार प्रतिमनमा अलैँची खरिदबिक्री भइरहेको इलाम बजारका अलैँची व्यापारी प्रकाश अग्रवालले बताए । यस वर्ष अलैँचीको मूल्य बढेर रु एक लाख नाघ्ने अनुमान गरिएको उनको भनाइ छ । पूर्वी क्षेत्रमा उत्पादन भएको अलैँची झापाको कांकरभित्ता हुँदै बाहिर निकासा हुने गरेको छ । भन्सार विभागका अनुसार गत आर्थिक वर्ष ५० लाख १८ हजार तीन सय ३५ किलो अलैँची निर्यात हुँदा सात अर्ब ९४ करोड नौ लाख ६४ हजार बराबरको करोबार भएको थियो । आव २०७९/८० मा आठ अर्ब २७ करोड ६८ लाख बराबरको ९९ लाख ९१ हजार एक सय ४९ किलो अलैँची निर्यात गरेको थियो ।

*-हाम्राकुरा डटकम*

## ढोरपाटनमा सामूहिक स्याउखेती



स्याउखेतीको उच्च सम्भावना रहेको बागलुङको ढोरपाटन क्षेत्रमा पछिल्लो समय सामूहिक रूपमा व्यावसायिक स्याउखेती थालिएको छ । परम्परागत रूपमा हुँदै आएको स्याउखेतीले बजार लिन नसकेपछि इटालीबाट ल्याएको आधुनिक स्याउका बिरुवाले ढोरपाटन उपत्यका क्षेत्रको जग्गा विस्तारै ओगट्न थालेको छ ।

ढोरपाटन नगरपालिका-९ मसगाउँमा ६ युवा मिलेर एक वर्षदेखि स्याउखेती गर्न थालेका छन् । इटालीबाट ल्याएका स्याउका एक हजार तीन सय बिरुवा गत असारमा लगाइएको थियो । उक्त बिरुवामध्ये ७५ प्रतिशतले यसै वर्षदेखि फल दिन थालेपछि यहाँका युवा उत्साहित भएका छन् । ढोरपाटन नगरपालिका-८ शेराबाङका ४० वर्षीय चिरनकुमार घर्ती २०६० सालमा रोजगारीका लागि कतार गए । सात वर्ष कतार बसेर फर्किएका उनलाई नेपालमै केही गर्ने सोच आएपछि २०६८ सालमा काठमाडौंमा कृषि फार्म खोले । घाटा व्यहोरेपछि घर्ती ढोरपाटन फर्किए । गाउँमा आएर कृषि पेसालाई निरन्तरता दिँदै आएका घर्तीलाई स्थानीय हुमलाल भुसालले साथ दिए । कृषिमा खाएको हन्डरले उनलाई विस्तारै सफल बनाउन थालेको छ । दुवैको सोच गाउँमै कृषिसम्बन्धी काम गर्ने भएकाले २०७६ सालमा 'उत्तरगंगा अर्ग्यानिक एग्रो प्रालि' दर्ता गरेर आलुको बजारीकरण गर्न थाले । उनीहरुले अन्य युवालाई पनि समेत समेट्दै गए । उनीहरुले गत वर्षदेखि आलुखेतीसँगै स्याउखेती पनि गर्न थालेका छन् ।

मसगाउँमा विभिन्न उन्नत जातका आलुको परीक्षण सफल भएपछि उत्साहित बनेका दुई युवाले थप चार युवालाई साथमा लिएर एक सय रोपनी जग्गामा उन्नत जातका स्याउ लगाउने निर्णय गरे । चिरन र हुमलालले रुद्र घर्ती, चकेन्द्र घर्ती, कमानसिंह बुढा र झिरमती घर्तीसँग मिलेर एक सय रोपनीमा स्याउ बगैँचा तयार गरेका छन् । उनीहरूले पहिलो चरणमा एक हजार तीन सय स्याउका बिरुवा लगाएकामा नौ सय बिरुवामा स्याउ फल्न थालेको छ ।

'एकदेखि दुई किलोका दरले स्याउ फल्न थालेको छ, इटालीबाट झिकाएका स्याउका बोट साना-साना हुन्छन्, पाँच वर्षपछि मात्रै प्रतिबोटमा २५ किलोसम्म स्याउ फल्छ', चिरनकुमारले भने, 'ढोरपाटनमा स्याउको अत्यन्तै सम्भावना छ, मसगाउँमा एक हजार स्याउका पुराना बोट छन् । तर उत्पादन कम छ, उन्नत जातको स्याउबाट छोटो समयमा धेरै लाभ लिन सकिन्छ ।' एक सय रोपनी जग्गामा स्याउ बगैँचा तयार पार्ने तथा उन्नत जातको आलुको अन्तर्राष्ट्रिय बजारीकरण गर्ने उद्देश्य रहेको घर्तीले जानकारी दिए । ६ जनामध्ये हुमलालबाहेक सबै विदेशमा दुःख पाएर फर्केका युवा भएकाले स्याउखेतीमा मेहनत गरिरहेका छन् । कृषि विकास निर्देशनालय पोखराले पनि उनीहरुलाई सहयोग गरिरहेको छ । इटालीबाट ल्याएको गाला, फुजी, गोल्डेन र रेड जातको स्याउका बिरुवा लगाइएको छ । चक्लाबन्दीअन्तर्गत स्याउ बगैँचा निर्माण गरेर तारबार गर्दा सुरुको लागत बढी भएको चिरनकुमारको भनाइ छ ।

युवा जनशक्तिको बढ्दो वैदेशिक पलायन तथा कृषि व्यवसायतर्फ युवाको आकर्षण कम हुँदै जाँदा ६ युवा मिलेर दुर्गम गाउँमा स्याउ र आलुखेतीको सम्भावना खोजिरहेका छन् । पहिलो चरणमा २५ लाख लगानी गरेको उनीहरू बताउँछन् । गण्डकी प्रदेश कृषि निर्देशनालयबाट ७५ प्रतिशत अनुदान र कृषि ज्ञान केन्द्रबाट स्याउलाई थाक्रो र तारबारमा ५० प्रतिशत अनुदानमा प्राप्त भएको चिरनकुमारले बताए । *-रासस*

## बहुउपयोगी वनस्पति विजयसाल संरक्षणमा जुट्दै स्थानीय



पछिल्लो समय बहुउपयोगी वनस्पतिका रूपमा रहेको विजयसालको संरक्षणमा स्थानीय जुट्न थालेका छन् ।

चुरे शृङ्खलाको फेद र भावर क्षेत्रमा पाइने विजयसाल जनचेतना अभावका कारण घाँस, दाउराका रूपमा प्रयोग हुँदै जान थालेपछि यसको संरक्षण गर्न स्थानीयले पहल थालेका हुन् । कैलालीको चुरे गाउँपालिका-४ बाजुरगाडास्थित समैजी सामुदायिक वन क्षेत्रमा विजयसाल पाइने जनाउँदै स्थानीयलाई यसको महत्व बुझाएर संरक्षण अभियान थालिएको सामुदायिक वनका अध्यक्ष हेमबहादुर विष्टले बताए । उनीका अनुसार वन क्षेत्रको चार दशमलव पाँच हेक्टर क्षेत्रफलमा रहेको विजयसालको संरक्षण गर्ने उद्देश्यले घाँस, दाउराका रूपमा प्रयोग गर्न रोग लगाइएको हो । अध्यक्ष विष्टले सामदायिक वन क्षेत्रमा रहेको विजयसालको संरक्षण थालिएको बताउँदै वन क्षेत्र बाहिर संरक्षण गर्न नसकिएको उल्लेख गरे ।

वन क्षेत्र बाहिर रहेका सबरुवा संरक्षणमा स्थानीयलाई सहभागी गराउन छलफल गरी यसको महत्व बुझाएर अगाडि बढ्ने उनीको भनाइ छ । विजयसालको भाँडामा राखिएको पानी पिउँदा पेटसम्बन्धी विभिन्न रोग, मधुमेह, कमलपित्त, उच्च रक्तचाप, पिसाब पोल्ने र हाडजोर्नी दुख्ने समस्या केही मात्रामा समाधान गर्न सकिने स्वास्थ्यकर्मी बताए । विजयसालका भाँडामा सधैँ पानी राख्दा माथिल्लो भाग नीलो, बीचको भाग रातो र पिँधको भागको रङ पहेँलो देखिने गर्दछ । यसको विजयसालको बोक्रा, खोटो र कलिला पातबाट निकालिएको रस औषधिका रुपमा प्रयोग गरिने स्थानीय प्रेम मगरले बताए । साथै काठबाट गाग्री, ठेकी, कचौँरा, गिलास, लोटालगायत सामग्री बनाउन सकिने उनीले जानकारी दिए । डिभिजन वन कार्यालय धनगढीका अनुसार जिल्लामा कूल ६० प्रतिशत विजयसाल समैजी सामुदायिक वन क्षेत्रमा पर्दछ । लोप हुने अवस्थामा पुगेको बहुउपयोगी वनस्पति विजयसाल संरक्षणका लागि डिभिजन वनले योजना बनाएर कार्यान्वयन गर्न सरोकार भएकासँग छलफल गरिरहेको डिभिजन वन अधिकृत रामचन्द्र कँडेलले बताए । स्थानीयलाई जनचेतना जगाएर यसको महत्व बुझाउनुपर्ने भन्दै उनीले खाली स्थानमा थप बिरुवा रोप्ने विषयमा पनि छलफल गरी काम गर्ने तयारी भइरहेको बताए । *-रासस*

# बैंकको नाफा ६४ अर्ब १५ करोड




**पाल्पा,** साउन २६/वाणिज्य बैंकहरूले एक आर्थिबक वर्षमा ६४ अर्ब १५ करोड रुपैयाँ खुद नाफा आर्जन गरेका छन् । यो आर्थिक वर्ष ०८०/८१ मा २० वटा वाणिज्य बैंकले कमाएको खुद नाफा हो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा बैंकहरूको नाफा औसत १३ दशमलव ४० प्रतिशतले बढेको बैंकहरूले प्रकाशन गरेको गत आर्थिक वर्षको अपरिष्कृत वित्तीय विवरणमा उल्लेख छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंकहरूको यस्तो नाफा ५६ अर्ब ५७ करोड रुपैयाँ थियो ।

मुलकको अर्थतन्त्र सुस्त रहेको र निजी क्षेत्रमा जाने कर्जा प्रवाह पनि बढन नसकेको अवस्थामा बैंकहरुको नाफा नराम्रो देखिदैन । गत आर्थिक वर्षमा सबैभन्दा बढी नाफा कमाउनेमा नबिल बैंक रहेको छ । यसको नाफा ७ अर्ब ६ करोड रुपैयाँ छ । यस्तै सबैभन्दा कम नाफा भने माछापुच्छ्रे बैंकको छ । यो बैंकले १ अर्ब २५ करोड रुपैयाँ नाफा गरेको छ । कुनै पनि बैंकको नाफा एक अर्ब भन्दा तल छैन । गत वर्षमा कुल २० बैंकमध्ये १० बैंकको नाफा बढेको छ भने १० को घटेको छ । नाफा बढनुमा केही बैंकको मर्ज तथा एक्वीजिसनले सहयोग पुऱ्याएको छ । गत आर्थिक वर्षमा नबिल, नेपाल एसबीआई, कुमारी, प्राइम, हिमालयन, लक्ष्मी सनराइज, कृषि विकास, एभरेस्ट, प्रभु र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले नाफा बढाएका छन् । बाँकी माछापुच्छ्रे, सिटिजन्स, एनआईसी एसिया, नेपाल बैंक, एनमएबी, सानिमा, सिद्धार्थ, स्ट्यान्डर्ड चार्टर्ड, ग्लोबल आईएमई र राष्ट्रिय वाण्ज्यि बैंकको भने नाफा घटेको छ । सबै महिना बैंकहरू अधिक तरलताको अवस्थामा बस्नुपऱ्यो । निक्षेप मात्र बढ्ने तर कर्जा वृद्धि हुन नसक्दा बैंकहरूको लागत बढ्ने भएकाले नाफा प्रभावित हुन्छ । आर्थिक गतिविधि चलायमान बन्न नसक्दा बैंकहरूले चाहेर पनि राम्रो व्यवसाय गर्न सकेनन् ।

बरु परिस्थितिजन्य कारणले ऋणीले भुक्तानी क्षमता नहुँदा बैंकलाई कर्जा असुलीमा समस्या भयो भने खराब कर्जा पनि बढ्यो । एकातिर खराब कर्जा बढ्यो अर्कोतिर कसिलो नियमनकारी व्यवस्थाका कारण अपेक्षित रुपमा ब्याज आम्दानी बढ्न सकेन । यसरी अर्थतन्त्रमा देखिएको शिथिलताको प्रत्यक्ष प्रभाव बैंकहरूको नाफामा परेको जानकार बताउँछन् ।


## हार्दिक बधाई तथा शुभकामना





हाम्रा शुभेच्छुक,मित्र, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) पाल्पाका पूर्व अध्यक्ष, शैक्षिक, सामाजिक, राजनीतिक व्यक्तित्व खेमबहादुर सारू ज्यू लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य मन्त्री जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगति एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

जगदीश प्रसाद भट्टराई<br>अध्यक्ष

एवं

गंगा बहादुर खत्री<br>प्रिन्सीपल

**पाल्पा प्यारागन इङ्गलिस बोर्डिङ्ग स्कुल परिवार**

**तानसेन-३, पाल्पा**


**कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा**

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१


## डेंगीबाट कसरी बच्ने ?

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:**

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौ ।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं ।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी.कम

www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई